# स्थानीय राजपत्र

देवदह नगरपालिका, रूपन्देहीद्वारा प्रकाशित

खण्ड ३) देवदह नगरपालिका, मिति: २०७७/०३/२४ (संख्या ३

## भाग–१

## देवदह नगरपालिका, रूपन्देही

देवदह नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४ को दफा ४ बमोजिम देवदह नगर सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### सम्वत् २०७७ सालको ऐन नं. ३

### ऐनको नाम : देवदह नगरपालिकाको पदाधिकारी तथा सदस्यहरूले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७७

नगर सभाबाट स्वीकृत मिति: २०७७/०३/२३

**प्रस्तावना:** नेपालको संविधानमा स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकाले, देवदह नगरपालिकाको सातौं नगरसभाले यो ऐन बनाएको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u>

(१) यस ऐन को नाम देवदह नगरपालिकाका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७७ रहेको छ

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्काअर्थ नलागेमा यस ऐनमा,–

(क) "प्रमुख" भन्नाले संविधानको धारा २१६ को उपधारा (१) बमोजिमको नगर कार्यपालिकाको प्रमुख सम्झनु पर्छ।

(ख) "उपप्रमुख" भन्नाले संविधानको धारा २१६ को उपधारा (२) बमोजिमको नगर कार्यपालिकाको उपप्रमुख सम्झनु पर्छ।

(ग) "कार्यपालिका" भन्नाले नगर कार्यपालिका सम्झनु पर्छ।

(घ) "पदाधिकारी" भन्नाले, प्रमुख, उपप्रमुखलाई सम्झनु पर्छ।

(ङ) "नगरपालिका" भन्नाले संबिधान बमोजिम स्थापना भएको देवदह नगरपालिका सम्झनु पर्छ।

(च) "वडा" भन्नाले देवदह नगर पालिकाको वडा सम्झनु पर्छ।

(छ) "वडा अध्यक्ष" भन्नाले देवदह नगरपालिकाको वडाको अध्यक्ष सम्झनु पर्छ।

(ज) "कार्यपालिका सदस्य" भन्नाले संविधानको धारा २१६ को उपधारा (४) बमोजिमको नगर कार्यपालिकाको सदस्य सम्झनु पर्छ।

(झ) "सदस्य" भन्नाले संविधानको धारा २२३ को उपधारा (२) बमोजिमको सदस्य सम्झनु पर्छ।

(ञ) "सभा" भन्नाले नगर सभा सम्झनु पर्छ।

(ट) "स्थानीय तह" भन्नाले देवदह नगरपालिका सम्झनुपर्छ।

३. <u>सुविधाः</u>

(१) पदाधिकारी र सदस्यले आफू निर्वाचित भई काम कारवाही शुरु गरेको मिति देखि अनुसूची-१ बमोजिमको रकममा नबढ्ने गरी स्थानीय तहको आन्तरिक स्रोत समेतको आधारमा मासिक सुविधा पाउनेछन्।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि पनि यो ऐन प्रारम्भ हुनु अघि कायम रहेको मासिक सुविधा नपाएका पदाधिकारी वा सदस्यले सो सुविधा नपाएको मितिदेखी मात्र यस ऐन बमोजिमको सुविधा पाउनेछ।

४. <u>यातायात सुविधाः</u>

(१) पदाधिकारीलाई सम्बन्धित स्थानीय तहले सवारी साधन उपलब्ध गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको सवारी साधन उपलब्ध नभएको अवस्थामा त्यस्तो पदाधिकारीले अनुसुची बमोजिम यातायात सुविधा पाउनेछन्।

(३) उपदफा (१) र (२) बमोजिम सवारी साधन उपलब्ध गराएकोमा यस दफा बमोजिमको अन्य यातायात सुविधा पाउने छैन तर त्यस्तो सवारी साधनलाई अनुसुची बमोजिमको इन्धन र मोविल उपलब्ध गराईनेछ।

(४) सदस्यले अनुसूची बमोजिमको रकम यातायता सुविधा बापत पाउने छन्।

तर, कुनै सदस्यले यातायात सुविधा बापत कुनै सवारी साधन पाएको भए यातायात सुविधा बापतको रकम पाउने छैनन्।

५. <u>सञ्चार सुविधा:</u>

(१) पदाधिकारी तथा सदस्यले सञ्चार र सुविधा बापत अनुसूची बमोजिमको टेलिफोन शुल्क र मोबाइल फोन रिचार्ज खर्च बापत पाउनेछ।

(२) पदाधिकारी तथा सदस्यले अनुसूचीबमोजिमको रकम पत्रपत्रिका र इन्टरनेट सेवा शुल्कका लागि पाउनेछ।

६. <u>अतिथि सत्कार सुविधा :</u> पदाधिकारी तथा सदस्यले अनुसूची बमोजिमको रकम अतिथि सत्कार सुविधा बापत पाउनेछ ।

७. <u>अन्य सुविधा :</u>

(१) पदाधिकारी तथा सदस्यले अनुसूची बमोजिमको रकम जनसम्पर्क/विशेष कार्यसुविधा बापत पाउनेछ।

(२) पदाधिकारीले अनुसूची बमोजिमको रकम खानेपानी तथा सरसफाई सुविधाका लागि पाउने छ।

(३) पदाधिकारीले मर्मत संभार र विद्युत/उर्जा खर्च बापत अनुसूची बमोजिमको रकम पाउनेछ।

(४) पदाधिकारी तथा सदस्यले अनुसूची बमोजिम चाडपर्व खर्च सुविधा बापतको रकम पाउनेछ।

८. <u>बैठक भत्ता :</u>

(१) सभाका सदस्यले सभा वा कार्यपालिका वा वडा समिति वा न्यायीक समिति लगायत स्थानीय तहको अन्य कुनै समिति

वा उपसमितिको बैठकमा भाग लिएको प्रत्येक दिनको लागि अनुसूची बमोजिमको रकम बैठक भत्ता बापत पाउनेछ।

तर एकै दिनमा एक भन्दा बढी बैठक बसेकोमा एउटा बैठक बापत मात्र भत्ता पाउनेछ। साथै अन्यत्र जुन कुरा लेखिएको भएता पनि वडा समितिले बढीमा मासिक तीन वटा बैठकको मात्र बैठक भत्ता पाउनेछन्।

**स्पष्टिकरण :** यस दफाको प्रयोजनको लागि न्यायिक समिति भन्नाले संविधानको धारा २१७ बमोजिमको न्यायिक समिति सम्झनुपर्छ।

९. <u>दैनिक तथा भ्रमण भत्ताः</u>

(१) पदाधिकारी तथा सदस्यले कार्यालयको कामको सिलसिलामा आफनो कार्यक्षेत्र बाहेक नेपाल भित्र वा नेपाल बाहिर भ्रमण गर्दा स्थानीय तहको आन्तरिक स्रोत समेतको आधारमा अनुसूची-१ बमोजिमको दरमा नबढ्ने गरी दैनिक भ्रमण भत्ता पाउनेछन्।

(२) पदाधिकारी तथा सदस्य तथा सभाका सदस्यले ले उपदफा (१) बमोजिम भ्रमण गर्दा लाग्ने यातायात खर्च वापत विल बमोजिमको रकम पाउनेछन्।

(३) पदाधिकारी, सदस्यले उपदफा (१) बमोजिम भ्रमण गर्दा भ्रमण अवधिको लागि अनुसूची-१ बमोजिमको रकमको दुर्घटना विमा गर्दा लाग्ने विमाशुल्क (प्रिमियम) वापत विल बमोजिमको रकम पाउनेछन्।

१०. <u>अशक्त पदाधिकारी वा सदस्यलाई विशेष सुविधाः</u>

(१) कुनै पदाधिकारी, सदस्यलाई अपाङ्गताका कारण बैठकमा उपस्थित हुन सहयोगीको सेवा आवश्यक पर्ने भएमा नगरपालिकाले त्यस्तो पदाधिकारी वा सदस्यको साथमा रहने निजले रोजेको एकजना सहयोगीको सेवा उपलब्ध गराउनेछ।

(२) उपदफा (१) बमोजिम उपलब्ध गराइएको सहयोगिलाई यस ऐन बमोजिम सहस्यले पाउने सरहको बैठक भत्ता दिइनेछ।

११. <u>भत्ता तथा सुविधा वापतको रकम भुक्तानीः</u>

(१) पदाधिकारी, सदस्यले यस ऐन बमोजिम पाउने पारिश्रमिक, भत्ता तथा अन्य सुविधा वापतको रकम देवदह नगरपालिकाले सम्वन्धित पदाधिकारी वा सदस्यको बैंक खाता खोली सो मार्फत भुक्तानी गर्नु पर्नेछ।

१२. <u>भत्ता नपाउनेः</u> यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पदाधिकारी वा सदस्य आफ्नो पदबाट निलम्बित भएमा त्यस्तो निलम्बित अवधिभर र फौजदारी अभियोगमा अदालतको आदेश बमोजिम थुनामा वा कैदमा रहेमा त्यसरी थुना वा कैदमा रहेको अवधिभरको लागि निजले यस ऐन बमोजिम पाउने कुनै किसिमको सुविधा वा भत्ता पाउने छैन।

तर त्यस्तो अभियोग प्रमाणित नभई अदालतबाट सफाई पाएमा निजले यस ऐन बमोजिमको सुविधा पाउन बाधा पर्ने छैन।

१३. <u>सुविधा घटाउन सक्नेः</u> यस ऐनले पदाधिकारी तथा सदस्यका लागि निर्धारण गरेको सुविधा सम्बन्धमा  नगरपालिकाको आन्तरिक श्रोत तथा क्षमताका आधारमा कम हुने गरी नगरसभाले निर्णय गर्न सक्नेछ।

१४. <u>पारिश्रमिक र अन्य सुविधा नपाउनेः</u>

(१) नगरपालिकाका पदाधिकारी तथा सदस्यले पारिश्रमिक बापत कुनै रकम पाउने छैनन्।

(२) नगरपालिकाका पदाधिकारी तथा सदस्यले यस ऐनले निर्धारण गरेका सुविधा बाहेक  अन्य कुनै पनि सुविधा पाउने छैनन्।

१५. <u>सार्वजनिक गर्नु पर्नेः</u> नगरपालिकाका पदाधिकारी तथा सदस्यले यस ऐन बमोजिम प्राप्त गरेका सुविधाहरुको विवरण तीन-तीन महिनामा नगरपालिकाले सार्वजनिक गर्नु पर्नेछ।

<u>१६. खारेजी र बचाऊः</u>

(१) प्रदेश न. ५ ले बनाएको "स्थानीय तहका पदाधिकारी  तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धि कानुनमा संशोधन र एकीकरण गर्न बनेको ऐन २०७६" बमोजिम भएका काम कारवाही ऐन बमोजिम भएको मानिनेछ।

(२) प्रदेश नं. ५ को प्रदेश सभाले निर्माण गरेको उक्त ऐनमा संशोधन भएमा संशोधित ऐन नै लागु हुने छ।

अनुसूची-१

**नगरपालिकाका पदाधिकारी तथा सदस्यले पाउने सुविधा**

| क्र. सं. | सुविधाको किसिम | ईकाई दर | प्रमुख | उपप्रमुख | वडाध्यक्ष | कार्यपालिका सदस्य | सभाका सदस्य |
|---|---|---|---|---|---|---|---|
| १ | सवारी इन्धन | प्रति महिना लिटर | १२० लि | १२० लि. | - | - | - |
| २ | मोबिल | त्रैमासिक लिटर | ५ लि. | ५ लि. | - | - | - |
| ३ | यातायात सुविधा | प्रति महिना रु. | १२००० | १२००० | १२००० | ७००० | ३५०० |
| ४ | पत्र पत्रिका, इन्टरनेट | प्रति महिना रु. | ५००० | ५००० | ४००० | ३००० | २००० |
| ५ | टेलिफोन,मोबाइल रिचार्ज | प्रति महिना रु. | ४००० | ४००० | ३००० | ३००० | २५०० |
| ६ | अतिथि सत्कार | प्रति महिना रु. | ७००० | ६००० | ६००० | - | - |
| ७ | जनसम्पर्क/विशेष कार्यसुविधा | प्रति महिना रु. | १३००० | ८००० | ७००० | ५००० | ३००० |
| ८ | खानेपानी तथा सरसफाई | प्रति महिना रु. | ५००० | ५००० | ५००० | - | - |
| ९ | मर्मत संभार र विद्युत/उर्जा खर्च | प्रति महिना रु. | ५००० | ५००० | ५००० | - | - |
| १० | चाडपर्व खर्च | बार्षिक रु. | १५००० | १५००० | १२००० | १०००० | ८००० |
| ११ | बैठक भत्ता | प्रतिदिन रु. | १००० | १००० | १००० | १००० | १००० |
| १२ | दैनिक भ्रमण भत्ता | प्रतिदिन रु. | २००० | १८०० | १६०० | १६०० | १६०० |
| १३ | विदेश भ्रमण गर्दाको दैनिक भत्ता | प्रतिदिन अमेरिकी डलरमा | १०० | १०० | १०० | १०० | १०० |
| १४ | यात्रा बिमा | प्रति भ्रमण रु.(लाखमा) | १० | १० | १० | १० | १० |

प्रमाणीकरण मिति : २०७७/०३/२४

आज्ञाले
हरिदत्त कंडेल
प्रमुख प्रशासकीय अधिकृत